Regd. No.: 1229/066/67

0518296

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
"A" Class Institution Licensed By Nepal Rastra Bank

क.स.का.च.नं १९/०७९/८०

मिति : २०७९/०८/१५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

विषय : साधारण सभा बस्ने प्रयोजनार्थ शेयरधनी दर्ता किताव वन्द हुने सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकको मिति २०७९/०८/१४ गते दिउँसो ३.०० वजे बसेको ३७७औं बैठकको निर्णयानुसार यस बैंकको बाह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले साधारण सभा प्रयोजनार्थ मिति २०७९/०८/२३ गते एक (१) दिन शेयरधनी दर्ता किताव वन्द रहने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ ।

शेयरधनी दाखिल खारेज बन्द रहने सम्वन्धी सूचना मिति २०७९/०८/१५ गतेको अन्नपुर्ण पोष्ट दैनिकमा प्रकाशित गरिएको व्यहोरा तहाँको जानकारीका लागि उक्त सूचनाको कपि थान १ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा समेत अनुरोध गर्दछौ ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७९ साल पौष ०७ गते, विहीवार (तद्नुसार 22nd Dec, 2022)
समय : बिहान १०:०० बजे
स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं ।

भवदीय,

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

............
(तुल्सीराम पोखरेल)
बरिष्ठ नायव महाप्रवन्धक/कम्पनी सचिव

कम्पनी सचिव

बोधार्थ :

१. श्री नेपाल धितोपत्र बोर्ड
जाउलाखेल,ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक,काठमाण्डौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय.
त्रिपुरेश्वर,काठमाण्डौ ।
४. श्री नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग.
बालुवाटार,काठमाण्डौ ।
५. श्री नेपाल राष्ट्र बैंक
बैंक सुपरिवेक्षण विभाग.
दरबारमार्ग,काठमाण्डौ ।
६.मेगा क्यापिटल मार्केट्स लिमिटेड
त्रिपुरेश्वर,काठमाण्डौ ।

Rising Mall, Kamaladi, Kathmandu, Nepal | Tel: 01-4169217 | Fax: +977-1-4169215 | P.O. Box: 26559
e-mail: info@megabank.com.np | www.megabanknepal.com

The Banker
Bank of the Year 2019
NEPAL
ISO 9001:2015 Certified Bank

## बाह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मेगा बैंक नेपाल लिमिटेडको सञ्चालक समितिको मिति २०७९/०८/१४ गते बसेको ३७७ औं बैठकको निर्णयानुसार यस बैंकको बाह्रौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१.सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७९ साल पौष ०७ गते, विहीवार (तद्नुसार 22nd Dec, 2022)

समय : बिहान १०:०० बजे

स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं ।

**२. छलफलका विषयहरु :**

***क) सामान्य प्रस्ताव :***

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७८/७९ पारित गर्ने ।

२. मेगा बैंक नेपाल लिमिटेडको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको मिति २०७९ आषाढ ३२ गतेको एकीकृत वित्तीय अवस्थाको विवरण (वासलात), मिति २०७८ श्रावण १ गते देखि मिति २०७९ आषाढ ३२ गतेसम्मको एकीकृत नाफा नोक्सान विवरण, एकीकृत अन्य विस्तृत आम्दानीको विवरण, एकीकृत नगद प्रवाह विवरण, एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण, प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु, वित्तीय विवरणको अनुसूचीहरु र उद्घोषण तथा अतिरिक्त विवरणहरु सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनी मेगा क्यापिटल मार्केट्स लिमिटेड समेतको) उपर छलफल गरि पारित गर्ने ।

३. नगद लाभांशका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आएको रकम रु. ६१,०२,४३,२८०।६६ (अक्षेरुपी एकसट्ठी करोड दुई लाख त्रिचालिस हजार दुई सय असी रुपैया र छैसट्ठी पैसा मात्र) बैंकको हाल कायम चुक्ता पूँजी रु.१६,१२,०४,६१,४५३/३६ ( अक्षेरुपी सोह्र अर्ब बाह्र करोड चार लाख एकसट्ठी हजार चार सय त्रिपन्न रुपैंया छत्तिस पैसा मात्र) को ३.७९% (राउनडिङ्गमा) ले हुन आउने नगद लाभांश स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लागि बैंकको लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरिक्षक एन बि एस एम एण्ड एसोसिएट्स पुनः नियूक्तिको लागि योग्य रहेको) ।

५. सञ्चालकहरुको कार्यकाल मिति २०७९/०३/३० गते सम्म रहेकोमा नेपाल राष्ट्र बैंकको स्वीकृती वमोजिम प्रचलित ऐन नियम तथा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजेसन) सम्बन्धी नियमावली २०७३ को अधिनमा रहि संचालकहरुको कार्य अवधि गाभिएर वा प्राप्ति एक्विजिसन पश्चात् प्रचलित कानुन वमोजिम पुन: निर्वाचन नभए सम्म अवधिको लागि थप गर्न स्वीकृत प्रदान गरिएकोले उक्त विषय अनुमोदन गर्ने ।

***ख) विशेष प्रस्ताव :***

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजी रु.१६,१२,०४,६१,४५३/३६ ( अक्षेरुपी सोह्र अर्ब बाह्र करोड चार लाख एकसट्ठी हजार चार सय त्रिपन्न रुपैंया छत्तिस पैसा मात्र) को ४.००% प्रतिशतले हुन आउने रकम रु. ६४,४८,१८,४५८।१३ (अक्षेरुपी चौसट्ठी करोड अड्चालिस लाख अठार हजार चार सय अन्ठाउन्न रुपैया तेह्र पैसा मात्र ) बोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने र बोनस शेयर जारी गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

२. मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने ( मर्जर ) प्रयोजनको लागि मुल्यांकनकर्ता PKF TR Upadhya & Co. बाट प्राप्त दुबै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त मर्जर समितिको सिफारीसमा यस बैंकको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम यस मेगा बैंक नेपाल लिमिटेडको १०० कित्ता शेयर बराबर यस बैंकका शेयरधनीहरुलाई मर्जर पछि बन्ने बैंकको ९० कित्ता शेयर प्राप्त हुने गरी शेयर आदान प्रदान अनुपात (१००:९०) मा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्न विशेष प्रस्ताव पारित गर्ने ।

३. मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने /गाभिने ( मर्जर ) सम्बन्धमा भएको सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ताको नियुक्ति र निजलाई भुक्तानी गरिएको पारिश्रमीक, सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence of Audit Report), समझदारीपत्र (Memorandum of Understanding), तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण काम कारबाहीहरुलाई अनुमोदन गर्ने ।

४. विशेष प्रस्ताव १ बमोजिम बोनस शेयर जारी गरे पश्चात बैंकको पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र/ नियमावली संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।

५. मेगा बैंक नेपाल लिमिटेड र नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/ गाभिने ( मर्जर ) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पुँजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारी:

१. वार्षिक साधारण सभाको लागि मिति २०७९/०८/२३ गते १ दिन बैंकको शेयरधनी दर्ता किताब बन्द रहने छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/०८/२२ गते सम्म शेयर कारोबार भई म्याद भित्र यस बैंकको शेयर रजिष्ट्रार मेगा क्यापिटल मार्केट्स लिमिटेडमा प्राप्त हुने शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइनेछ ।

२. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान ८:३० बजे देखि अपरान्ह १:०० बजेसम्म खुल्ला रहनेछ । हाजिरी जनाउनको लागि शेयरधनी महानुभावहरुले आफ्नो परिचयपत्र वा सक्कल शेयर प्रमाणपत्र प्रस्तुत गर्नु पर्नेछ भने आफ्नो शेयर प्रमाणपत्रहरु अभौतिकीकरण गराई सक्नु भएका शेयरधनी महानुभावहरुको हकमा हितग्राही खाता नम्बर र सक्कल आधिकारिक परिचय पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

३. कोरोना भाईरस (कोभिड १९) को महामारी रोकथाम तथा नियन्त्रणका लागि सभामा सहभागी हुनु हुने शेयरधनी महानुभावहरुले न्यूनतम सुरक्षाको सामाग्रीहरु प्रयोग गरी सहभागी भई दिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई विशेष अनुरोध छ ।

४. बैंकले निर्धारण गरेको ढाँचामा बैंकको छाप र कम्पनी सचिवको दस्तखत भएको प्रतिनिधिपपत्र (प्रोक्सी) फारामलाई मात्र मान्यता दिईनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थापक समूह र सर्वसाधारण समूह मध्ये जुन समूहको हो सो समूहमा रहेको सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी बैंकको केन्द्रीय कार्यालयस्थित कम्पनी सचिवको कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुन अनिवार्य छ ।

६. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिला दर्ता भएको प्रतिनिधिपत्र ( प्रोक्सी फाराम) लाई मान्यता दिईने छ ।

७. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुनु भएमा शेयरधनीको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

८. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

९. नावालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।

१०. स्वदेश वा विदेशमा रही साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले बैंकको आधिकारिक वेबसाइट www.megabanknepal.com मा रहेको प्रोक्सी फाराम लाई डाउनलोड गरी हस्ताक्षर गरी Scan copy प्रोक्सी फाराम बैंकमा पठाउन सक्नु हुनेछ ।

११. साधारणसभा सम्बन्धी थप जानकारीको लागि बैंकको केन्द्रीय कार्यालयको फोन नं.४१६९२१६, ४१६९२१७ एक्सटेन्सन ३००, ३०६ र १९३ वा बैंकको शेयर रजिष्ट्रारको कार्य गर्ने मेगा क्यापिटल मार्केट्स लिमिटेड, साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाण्डौको फोन नं. ५३६२७९० र ५३६२७७२ मा सर्म्पक राख्नु हुन अनुरोध छ ।

## अन्य थप जानकारीः

सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र सो सँग सम्बन्धित अनुसूचीहरु समेतको पुस्तिका बैंकको केन्द्रीय कार्यालय र बैंकको शेयर रजिष्ट्रार मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौ र साधारणसभा हुने दिन साधारणसभा स्थलमा उपलब्ध गराईनेछ । साथै उक्त प्रतिवेदन बैंकमा उपलब्ध भएको शेयरधनीहरुको ईमेल ठेगाना र बैंकको वेबसाईट www.megabanknepal.com मा पनि उपलब्ध गराईनेछ । संक्षिप्त वार्षिक आर्थिक विवरण सम्बन्धी जानकारी कम्पनी ऐन २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम यसै साथ राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । साथै बैंकको सञ्चालक समितिको वार्षिक प्रतिवेदन र प्रोक्सी फाराम बैंकको वेबसाईट www.megabanknepal.com बाट डाउनलोड समेत गर्न सकिनेछ ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव